नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

**विद्युत नियमन आयोगका अध्यक्ष तथा सदस्यहरुको नियुक्ति सिफारिस समिति**

कार्य योजनाको ढाँचा र दायरा:

१. कार्य योजनामा देहायका विषयहरु समावेश भएको हुनुपर्नेछ:

क) नेपालको विद्युत क्षेत्रको वर्तमान अवस्था तथा नियमनको आवश्यकता (बढीमा तीन पेजसम्म)

ख) आयोगका सवल पक्ष, दुर्बल पक्ष, अवसर र चूनौतीहरुको विश्लेषण (बढीमा तीन पेजमा)

**ग) रणनीतिक कार्य योजना:** रणनीतिक कार्य योजनामा देहायका विषयहरु समेत समेटिएको हुनुपर्नेछ: (बढीमा सात पेजमा)

- प्राविधिक व्यवस्थापन
- महशुल निर्धारण तथा विद्युत खरिद बिक्रीको नियमन
- प्रतिस्पर्धा तथा उपभोक्ताको हित संरक्षण
- संगठनात्मक क्षमता अभिबृद्धि

घ) रणनीतिक कार्य योजनाको कार्यान्वयन पक्षको विश्लेषण (कार्यान्वयन तालिका समेत) (बढीमा छ पेजमा)

२. कार्य योजना नेपाली वा अंग्रेजी भाषामा तयार गर्न सकिनेछ ।

३. कार्य योजना नेपाली भाषामा भए युनिकोड फण्ट साइज १२ र अंग्रेजी भाषामा भए Times New Roman फण्ट साइज १२ मा टाइप भएको हुनु पर्नेछ ।

४. उम्मेदवारले आवेदन साथ दुई प्रति कार्य योजना समेत पेश गर्नुपर्नेछ र यसरी पेश गरिने कार्य योजनाहरु मध्ये एक प्रतिको बाहिरी पृष्ठ (Cover Page) मा बाहेक अन्यत्र कुनै पनि पेजमा आफुलाई पहिचान गराउने गरी आफ्नो नाम वा कुनै संकेत वा कुनै चिन्ह उल्लेख गर्न पाइने छैन ।

५. कार्य योजना प्रस्तुतीको लागि समितिबाट सूचना गरिनेछ । कार्य योजना प्रस्तुतीकरण गर्न आउदा प्रस्तुतीको Soft copy र Hard copy ल्याउनुपर्नेछ ।